# लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि २०७८

कार्यपालिकाबाट स्विकृत मितिः २०७८/०३/०८

संघीय सरकार लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) (दोस्रो संशोधन) नियमावली, २०७६ को नियम ३ को खण्ड ख ले दिएको अधिकार प्रयोग गरि लैङ्गिक हिंसा निवारण कोषको प्रयोजनार्थ हिंसामा परि समाज, परिवारबाट विस्थापनमा परेका महिलाहरुलाई पुन समाज र परिवारमा पुनस्थापना गराउन गरेको आत्मबल बढाउन प्रारम्भिक सहयोगका लागि यो कार्यविधि बनाई भोक्राहा नरसिंह गाउँपालिकाले स्विकृत गरेको छ ।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि २०७८ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यालय" भन्नाले भोक्राहा नरसिंह गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

(ख) "कोष" भन्नाले नियम ३.बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्छ ।

(ग) "पिडीत" भन्नाले लैङ्गिक हिंसा बाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

(घ) "समिति" भन्नाले नियम ८.बमोजिम गाउँपालिकामा गठन हुने स्थानीय लैङ्गिक हिंसा पीडित उद्धार तथा राहत समिति सम्झनु पर्छ ।

(ङ.) "लैगिक हिंसा" भन्नाले घर वा कार्यस्थलमा हुने दुर्व्यवहार, सामाजिक कुरीतीजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनु पर्छ ।

(च) मन्त्रालयः भन्नाले महिला बालबालिका तथा ज्येष्ठनागरिक मन्त्रालय सम्झनु पर्छ ।

३. कोषको स्थापनाः

(१) गाउँपालिकामा लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिने छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् ।

(क) भोक्राहा नरसिंह गाउँपालिकाबाट प्राप्त रकम,

(ख) संघीय र प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) विदेशी व्यक्ति, अन्तराष्टिय संघ संस्था वा सरकारवाट प्राप्त रकम,

(घ) स्वदेशी व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,

(ङ.) अन्य स्थानीय तहवाट प्राप्त रकम,

(च.) अन्य कुनै स्रोत बाट प्राप्त रकम ।

(३) उपनियम २ बमोजिमको रकम भोक्राहा नरसिंह गाउँपालिकाले छुटै खाता खोली जम्मा गर्नेछ ।

(४) कोषको खाताको सञ्चालन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(५) उपनियम २ बमोजिमको कोषमा भएको रकम नियम ५ को उपनियम १ वमोजिमको कामको लागि मात्र खर्च गर्नु पर्नेछ ।

(६) उपनियम २ बमोजिमको कोषको उपयोग, सञ्चालन तथा व्यवस्थापन यसै कार्यविधिमा भए बमोजिम हुनेछ।

४. कोषमा रकम जम्मा गर्ने:

(१) नियम ३ को उपनियम २ बमोजिमको कोषमा गाउँपालिकाले वार्षिक रुपमा रकम जम्मा गर्नेछ। कोषमा जम्मा गर्ने रकम गाउँसभाले निर्णय गरे बमोजिम हुनेछ ।

५. कोषको उपयोग:

(१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलव्ध गराउन उपयोग गरिनेछ:

(क) पीडितलाई तत्काल उद्धार गर्न,

(ख) पीडितलाई औषधि उपचार गर्न,

(ग) पीडितलाई राहत प्रदान गर्न तथा आर्थिक सहयोग तथा अन्य सामग्री उपलव्ध गराउन,

(घ) पीडितलाई कानूनी सहायता, मनोबैज्ञानिक उपचार तथा मनोविमर्स प्रदान गर्न,

(ङ) पीडितलाई कुनै व्यावसाय वा रोजगार गर्नको लागि विउँपुँजिको रुपमा प्रदान गर्न,

(च) पीडितलाई पुनःस्थापना गराउन ।

(छ) पीडितलाई तत्काल उपचार गराउँदा लागेको खर्च पिडकले तत्काल व्यहोर्न नसक्ने भई अदालतको आदेश वमोजिम त्यस्तो पीडितको स्वास्थ्य उपचार गर्न ।

(ज) हिंसा पीडित र प्रभावित महिलाका लागि सुरक्षित गृह (सेफ हाउस) संचालन गर्ने ।

(झ) मन्त्रालय विपक्षी भएको लैङ्गिक हिंसा र यौन जन्य दुर्व्यवहारको कसुरवाट पीडितले प्रचलित कानून बमोजिम कसुरदारवाट प्राप्त गर्नुपर्ने क्षतिपुर्ति त्यस्तो कसुरदारको कुनै सम्पति नभएको कारणवाट प्राप्त गर्न नसक्ने देखिइ अदालतको आदेश वमोजिमको रकम पीडितलाई क्षतिपुर्ति स्वरुप भराउन ।

(ञ) स्थानीय तत्काल उद्धार तथा राहत समितिले तोकेवमोजिमको अन्य काममा ।

(२) उपनियम १ मा जुनसुकै कुरा लेखिएको भएता पनि तत्काल उद्धार तथा राहात समितिले लैङ्गिक हिंसा पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसावाट प्रभावित भई लागु पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिइ कोपको रकम खर्च गर्न सक्नेछ ।

**६.कोषको लेखा र लेखा परिक्षणः**

(१) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली वमोजिम राखिनेछ ।

(२) कोषको आन्तरिक लेखा परीक्षण गाउँपालिकाको आन्तरिक लेखा परीक्षण शाखावाट हुनेछ ।

(३) कोषको अन्तिम लेखा परिक्षण महालेखा परिक्षकवाट हुनेछ ।

**७.रकम फ्रीज नहुनेः**

प्रचलित कानुनमा जुनसुकै कुरा लेखीएको भएतापनि कोषको रकम खर्च नभइ आर्थिक वर्षको अन्त्यमा बाँकि रहेमा त्यस्तो रकम फ्रीज हुने छैन ।

८.स्थानीय लैङ्गिक हिंसा पीडित उद्धार तथा राहत समितिको गठनः

(१) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने काम समेतको लागि गाउँपलिकामा एक स्थानीय लैङ्गिक हिंसा पीडित उद्धार तथा राहत समिति रहनेछ .

(२) स्थानीय लैङ्गिक हिंसा पीडित उद्धार तथा राहत समितिको गठन देहाय वमोजीम हुनेछः

(क) उपाध्यक्ष — संयोजक

(ख) सामाजिक विकास शाखा प्रमुख — सदस्य

(ग) स्थानीय इलाका प्रहरी कार्यालय प्रमुख — सदस्य

(घ) स्वास्थ्य शाखाको प्रमुख तथा प्रतिनिधि — सदस्य

(ङ) गैर सरकारी तथा अन्तराष्टिय गैरसरकारी सस्थाका प्रमुख तथा प्रतिनिधी — सदस्य

(च) गाउँसभा महिला सदस्यहरु मध्ये समितिबाट मनोनित एक जना — सदस्य

(छ) प्रमुख महिला तथा बालबालिका इकाई — सदस्य सचिव

(३) स्थानीय लैङ्गिक हिंसा पीडित उद्धार तथा राहत समितिको बैठक सम्बन्धी कार्यविधी समिती आफैले वनाउन सक्नेछ।

(४) स्थानीय लैङ्गिक हिंसा पीडित उद्धार तथा राहत समितिको सचीबालय महिला, बालवालिका इकाईमा रहनेछ ।

९. स्थानीय लैङ्गिक हिंसा पीडित उद्धार तथा राहत समितिको काम कर्तव्य र अधिकारः

स्थानीय लैङ्गिक हिंसा पीडित उद्धार तथा राहत समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ।

(क) पीडितको अवस्था विश्लेषण गर्ने र सहयोग गर्ने ।

(ख) राहत तथा आर्थिक सहयोगको उपयोग भए नभएको अनुगमन गर्ने,

(ग) गाउँस्तरमा लैगिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्था तथा निकायहरु विच समन्वय गर्ने,

(घ) लैङ्गिक हिंसा हुन नदिनको लागि स्थानीय स्तरमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने,

(ङ.) तत्काल राहात तथा उद्धार गर्नुपर्ने भनि सूचना पाएमा उक्त कार्यमा सहजिकरण गर्ने,

(च) लैंगीक हिंसा निवारणको लागि कार्य योजना बनाउने,

(छ) लैङ्गिक हिंसा निवारण तथा तत्काल राहत उपलब्ध गराउनकालागि समेत साधन श्रोत जुटाउन पहल गर्ने।

१०. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधारः

(१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग गराउँदा देहायको रकममा नवढ्ने गरि उपलब्ध गराउन सकिनेछः

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनवाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन तिन सय रुपैया र वास वस्नु पर्ने भएमा सो वापत छुटै रकम दिनु पर्ने भएमा प्रतिदिन पाँच सय रुपैयाको दरले वढिमा पाँच हजार रुपैया सम्म,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरि औषधि उपचार गर्नु पर्ने भएमा अस्पताल आउँदा जाँदा सवारि साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन तिन सय रुपैया, अस्पतलमा वस्ने व्यवस्था नभइ वाहिर वस्नु परेमा वढिमा पाँच दिनको वसोवास खर्च वापत प्रतिदिन पाँचसय रुपैया र उपचार खर्च समेत गरि वढिमा छ हजार पाचँ सय रुपैयामा नवढ्ने गरि लागेको यथार्थ खर्च र पीडित संग आश्रीत वाल वच्चा भए त्यस्ता वाल वच्चाका लागि सोहि दरमा खाना खर्च,

(ग) कानूनी साहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयामा नवढ्ने गरि लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागि विउ पुँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरि वढिमा विस हजार रुपैया सम्म ।

११. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निबेदन दिनु पर्नेः

(१) यस कार्यविधि बमोजिम नियम ९ को उपनियम १ अनुसार राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई स्थानीय लैङ्गिक हिंसा पीडित उद्धार तथा राहत समितिमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम १ बमोजिम प्राप्त भएको निबेदन जाँचवुँझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखीएमा स्थानीय लैङ्गिक हिंसा पीडित उद्धार तथा राहत समिति ले नियम १० बमोजिमको अधिनमा रहि पीडितलाई राहत तथा आर्थिक सहयोग उपलव्ध गराउन सक्नेछ ।

(३) यस कार्यविधि बमोजिम नियम १० मा भएका खर्चको विवरण चौमासिक र वार्पिक रुपमा मन्त्रालयमा पठाउनु पर्नेछ ।

१२. प्रतिवेदन पेश गर्नेः

स्थानीय लैङ्गिक हिंसा पीडित उद्धार तथा राहत समितिले सो समतिवाट भए गरेका काम कारवाहिको वार्पिक प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको तिन महिना भित्र सञ्चालक समिति र सम्वन्धित प्रदेश तथा संघीय मन्त्रालयमा पठाउनु पर्नेछ ।

१३. अभिलेख राख्नु पर्नेः

(क) सदस्य सचिवले समितीवाट भएगरेका सम्पुर्ण कामको अभिलेख राख्नुपर्छ ।

(ख) अभिलेख राख्ने विधि भोक्राहा नरसिंह गाउँपालिकाको नियम अनुसार हुनेछ ।

१४ .अनुसुचिः १.
यस कार्यविधिमा अनुसुची १ राखिएको छ ।

अनुसुचि नियम ११ को उपनियम १ संग सम्बन्धित

श्री अध्यक्षज्यू,
स्थानीय लैङ्गिक हिंसा पीडित उद्धार तथा राहत समिति,
भोक्राहा नरसिंह गाउँपालिका ।

विषयः सहयोग उपलव्ध गराई पाउँ ।

म भोक्राहा नरसिंह गा.पा ..............मा बस्ने वर्ष.....को ......मिति .......मा लैङ्गिक हिंसावाट पीडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । म उपर लैङ्गिक हिंसा ...............भएको कारणले मेरो मानसिक शारिरिक सामाजिक अवस्था कमजोर भइ अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधि उपचार , कानूनी सहायता एवं परामर्श, उद्धार, मनोवीमर्स, स्वरोजगार, पुनःस्थापना, अन्य ......कामको लागि सहयोग आवश्यकता परेको हुँदा स्थानीय लैङ्गिक हिंसा निवारण कोषवाट नियमानुसार सहयोग रकम उपलव्ध गराई दिन हुन यो निवेदन पेश गरेको छु ।

निवेदक

नाम थरः

ठेगानाः

दस्तखतः

मितिः